# चामे गाउँपालिकाको सत्रौं गाउँसभामा

गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्रबहादुर घलेज्यूबाट

प्रस्तुत

## आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम

## चामे गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

चामे, मनाङ

गण्डकी प्रदेश, नेपाल

वि.सं. २०८२ साल असार ०९ गते

**"कृषि पर्यटन र जलाधार, चामे समृद्धिको आधार"**

***गाउँसभाका सदस्य महोदय,***

१. चामे गाउँपालिकाको यस गरिमामय गाउँसभासमक्ष चामे गाउँ कार्यपालिकाको आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा ज्यादै गौरवान्तित भएको छु ।

२. सर्वप्रथम, लोकतन्त्रको बहाली, संघीय गणतन्त्रको स्थापना मार्फत नागरिक अधिकारको स्थापना, स्वतन्त्रताको उपभोग र समाजको आमूल परिवर्तनका लागि आफ्नो जीवन बलिदान गर्नु हुने ज्ञात, अज्ञात शहिदहरु प्रति म उच्च श्रद्धाका साथ भावपूर्ण श्रदान्जली अर्पण गर्दछु। मुलुकको राजनीतिलाई संघीय लोकतान्त्रिक गणतन्त्रको माध्यमवाट आम जनताको घर-घरमा स्थानीय सरकारको स्वरुपमा ल्याउन योगदान गर्नुहुने सम्पूर्ण अग्रज योद्धाहरुमा हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु।

३. हाम्रा शुरुका दिन संविधानले प्रदत्त गरेका अधिकार बमोजिम कार्यसम्पादन नियमावली र कार्य विभाजन नियमावली बनाउन तथा सो बमोजिम अगाडी बढ्नमा नै व्यतित भए।हामीले बार्षिक बजेट, आर्थिक विद्येयक र विनियोजन विद्येयक गाउँसभाबाट पारित गऱ्यौं। हामीमा हिम्मत थपिदै जाँदा नीति तथा कार्यक्रम अनुसार वार्षिक बजेट कार्यान्वयन गर्न थाल्यौं। हामी थप उत्तरदायी र जिम्मेवार बन्दै गयौं। यसरी हामीले हाम्रो समय सिक्न र कार्य व्यवहार सम्हाल्नमा उपयोग सिद्ध भयो। स्थानीय निर्वाचन, २०७९ पछिको चामे गाउँसभाको सत्रौं सम्बोधन गरिरहँदा विगत वर्षको तुलनामा हामी जनता प्रति जिम्मेवारी वोध, कार्यसम्पादनमा परिपक्वता, कार्यकौशलता तथा सिपको विकास भई आत्म विश्वास बढेको अनुभूती भएको छ।

४. "राजनीतिक नेतृत्वले जनभावना अनुसार नीति निर्माण गर्ने र कर्मचारीतन्त्रले त्यसलाई कार्य व्यवहारमा उतार्ने " सिद्वान्त अनुसार हाम्रो यस चामे गाउँपालिका क्षेत्र भित्रको विकास निर्माणका साथै जनताको आर्थिक तथा सामाजिक विकासका लागि सबैले इमान्दारिता, जिम्मेवारी तथा वफादारीका साथ भुमिका निर्वाह गरे मात्र सुशासन, विकास र

समृद्धिको यात्रा सहज भई हाम्रो सपना **"कृषि, पर्यटन र जलाधार, चामे समृद्धिको आधार"** साकार हुने मेरो बुझाई रहेको छ ।

**आर्थिक वर्ष २०८१।०८२ को नीतिको समिक्षा**

१. वडा नं. १ र ४ को कार्यालय भवन निर्माण कार्य सम्पन्न भई सञ्चालन मा आएको छ। भने वडा नं.२ को कार्यालय भवन सम्पन्न हुने क्रममा रहेको छ ।

२. चामे गाउँपालिकाको वडा नं. ४ र ५ मा सडक विस्तार कार्य टेण्डर भई पूर्वाधार विकास कार्यालयले कार्य अगाडि बढेको छ ।

३. चामे गाउँपालिका भित्रका करिव ३ कि.मी. सडकहरु ढलान भएका छन्

४. लोकप्रिय मा.वि. र गौरी शंकर आ.वि.मा आवासिय विद्यालय संचालन गर्न बजेट विनियोजन गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

५. चामे स्वास्थ्य चौकी थानचोकको भवन निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।

६. मेडपा कार्यक्रम अन्तर्गत चामे गाउँपालिका भित्रका ४० जना जनसमुदायलाई ड्राइभिङ (चार पाङ्ग्रे) सवारी साधन तालिम प्रदान गरी क्षमता अभिबृद्धि गरिएको छ।

७. गाउँकार्यपालिकाको कार्यालय तथा सबै वडा कार्यालयहरुमा सूचना अधिकारी तोकी सूचनाको हक कार्यान्वयन भईरहेको छ ।

८. वडा स्तरीय पुर्णखोप सुनिश्चितता घोषणा कार्यक्रम सँगै पालिका स्तरीय पुर्णखोप सुनिश्चितता घोषणा कार्यक्रम गरिएको छ ।

९. चामे गाउँपालिका भित्र वडा नं. ३, ४ र ५ को फोहोरमैला व्यवस्थापन सम्बन्धी गाउँपालिकाको ट्याक्टर प्रयोगमा ल्याई निरन्तर रुपमा फोहोर उठाउन कार्य गरिएको छ साथै फोहोर वर्गिकरण गरी ACAP सगँको समन्वयमा पोखरा औद्योगीक क्षेत्र समेत पठाईएको छ ।

१०. चामे गाउँपालिकामा सुरक्षित आप्रवासन र मनोसामाजिक परामर्श (SAMI) कार्यक्रम अन्तर्गत बैदेशिक रोजगारीमा गएका व्यक्तिहरुलाई परामर्श दिने कार्यक्रम शुरु भएको छ ।
११. चामे गाउँपालिका अन्तर्गत रहेको लोकप्रिय मा.वि. र गौरी शंकर आ.वि.मा स्मार्ट वोर्ड वितरण गरी प्रविधि मैत्री वनाईएको छ ।
१२. प्रत्येक वडावाट प्रतिनिधित्व गराई न्यायिक सहजकर्तालाई तालिम प्रदान गराईएको छ ।

अब म चामे गाउँपालिकाको आर्थिक बर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम यस गाउँ सभाको बैठकमा प्रस्तुत गर्न गईरहेको छु।
गाउँपालिकाको दिर्घकालीन सोच "कृषि, पर्यटन र जलाधार, चामे समृद्विको आधार" रहेको छ। यस सोचलाई कार्यान्वयन गर्न देहायका रणनीतिहरु अबलम्बन गरिनेछन ।

१. बजार तथा उपभोक्तामुखी कृषि प्रणालीको विकास मार्फत कृषि क्षेत्रलाई प्रतिस्पर्धी, दिगो, आत्मनिर्भर र निर्यातमुखी बनाउने,
२. नयाँ पर्यटकीय गन्तव्यहरुको पहिचान र विविधीकरण गर्दै पर्यटकीय पुर्वाधारको विकास र पर्यटकीय सेवालाई गुणस्तरीय, सुरक्षित र विश्वासिलो बनाउने,

गाउँपालीकाले लिएका माथि उल्लेखित रणनीति कार्यान्वयन गर्न देहायका नीतिहरु अवलम्बन गरिने छ ।

**शिक्षा सम्बन्धी नीति**

१. विद्यालय आवासीय कार्यक्रमलाई रकम थप गरी व्यवस्थित गरी निरन्तरता दिईनेछ ।
२. स्थानीय पाठ्यपुस्तक (कक्षा १-५) लाई रङ्गिन किताब छपाई गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३. वाल शिक्षामा कार्यरत शिक्षकहरुको सेवा सुविधाहरुलाई निरन्तरता दिइने छ ।
४. लोकप्रिय मा.वि.मा प्राविधिक धारतर्फ संचालित शैक्षिक कार्यक्रमलाई थप व्यवस्थित गर्दै लगिने छ ।
५. सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुलाई क्षमता विकास, स्मार्टवोर्ड प्रयोग गरी प्रविधिमैत्री, डिजिटल मैत्री शिक्षण सिकाई संचालन गरिने छ ।
६. सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको नियमित स्वास्थ्य जाँच, प्राथमिक उपचार र स्वास्थ्य सचेतनाको लागि गाउँपालिकाको स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य कर्मीहरुलाई परिचालन गरिने छ ।

**स्वास्थ्य सम्बन्धी नीति**

१. चामे स्वास्थ्य चौकी थानचोकको भवन निर्माण सम्पन्न गरिने छ ।
२. चामे गाउँपालिका भित्रका गाउँपालिकाहरु सगँ समन्वय गरी सव वहान खरिद गरी संचालनमा ल्याइने छ ।
३. प्रदेश अस्पताल तथा चामे गाउँपालिकाबीच समन्वय तथा सहकार्य गरी सदरमुकामको स्वास्थ्य सेवा प्रवाहलाई प्रभावकारी बनाईने छ ।
४. नसर्ने रोग सम्बन्धी मासिक जाचँ तथा अभिमुखिकरण कार्यक्रम सञ्चालनमा ल्याइने छ ।
५. महिला सामुदायीक स्वास्थ्य स्वयंसेविकाहरुको वार्षिक, अर्धवार्षिक समिक्षा र दिवस मनाउनलाई निरन्तरता दिईने छ ।
६. बहुक्षेत्रीय पोषण कार्यक्रम निरन्तर रुपमा संचालन गरिने छ।
७. ASRH सम्बन्धि स्वास्थ्यकर्मिहरुलाई तालिम विद्यालय र स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई अभिमुखिकरण गरी १ बर्ष भित्रमा तिमाङ आधारभुत स्वास्थ्य सेवा केन्द्रलाई किशोर किशोरी मैत्री स्वास्थ्य सेवा केन्द्र प्रमाणिकरण गरिने छ ।

**पूर्वाधार विकास सम्बन्धी नीति**

१. चामे गाउँपालिका क्षेत्र भित्र निर्माण भएका पुराना घरहरुको नक्सा पास गरी अभिलेखिकरण गर्ने कार्य सुरु गरिने छ । जसबाट गाउँपालिकाका स्थानीय वासिन्दालाई वैङ्किङ कारोवारमा सहजहुनुका साथै पालिकाको आन्तरिक आयमा समेत वृद्धि हुनेछ ।

२. चामे गौरवको आयोजना चामे ठाडोखोला लघु जलविद्युत निर्माण कार्य अगाडि बढाईने छ ।

३. चामे गाउँपालिकाको वडा नं. १,२,३,४ र ५ को सडक सुधार गरी सहज रुपमा आवत जावत गर्ने व्यवस्थामा साना ४ पाङ्ग्रे सवारी साधान लाई चल्ने वातावरण मिलाईनेछ ।

४. चामे गाउँपालिकाको सिटिहलमा साउण्ड एब्जबर जडान कार्य गरिने छ ।

५. सार्वजनिक वस संचालन गर्न निजि क्षेत्रलाई समन्वय गरि चामे देखि वेशिसहर सम्म वस संचालन भएको छ ।र यस वर्ष काठमाण्डौं वाट चामे सम्म बस सञ्चालन गर्न निजी क्षेत्र संग समन्वय गरिने छ ।

६. गाउँपालिका क्षेत्र भित्रका जनतालाई आवत जावत सहज गर्न तिन पाङग्रे (अटो) संचालनमा ल्याई युवालाई प्रोत्साहन गरी रोजगारीको सिर्जना गरि संचालनमा भएको तिन पाङ्ग्रे (अटो) लाई कानुनको दायारमा ल्याईनेछ

७. बस्ति बिकास हुने स्थानहरु थानचोक , स्याक्र्यु र तिमाङका भित्रि सहायक सडक निर्माण गरी पूर्वाधार विकास गरिने छ ।

८. चामे गाउँपालिकाको वजार क्षेत्रमा तथा कोतोमा विधुत, टेलिफोन, सि.सि. टिभि को लाईनहरु अन्डरग्राउण्ड गरी व्यवस्थित रुपमा संचालान गरिने छ।

**साँस्कृतिक तथा पर्यटन सम्बन्धी नीति**

१. गाउँपालिकाभित्र मनाईने लछ्याङ दज्याङ पर्वलाई प्रवर्दन गरिने छ।
२. चामे गाउँपालिका भित्रका महिला समुहहरुलाई साँस्कृतिक पोशाक वितरण गरिने छ।
३. गाउँपालिका भित्रको साँस्कृतिक, ऐतिहासिक, धार्मिक तथा पुरातात्विक महत्वका सम्पदाहरुको मर्मत सम्भार तथा संरक्षण कार्यलाई अगाडि वढाईने छ ।
४. चामे गाउँपालिकामा गुरु पध्म सम्भव पार्क निर्माण गर्ने कार्य सम्पन्न छ ।
५. पारिचामे तातो पानी कुण्डलाई व्यवस्थित गरी उपयोगमा ल्याइने छ ।
६. कजिनसारा जाने पदमार्ग वाटोलाई निरन्तरता दिईने छ।
७. चामे गाउँपालिकाको पर्यटकिय क्षेत्रहरुको पहिचान तथा भएका क्षेत्रहरुको विभिन्न सामाजिक माध्यमवाट (युटुव, फेसबुक, भ्लग) प्रचार प्रसार गर्ने कार्य तातोपानी र कजिनसारा तालको सम्पन्न भएको छ

**फोहोरमैला व्यवस्थापन सम्बन्धी नीति**

१. गाउँपालिका क्षेत्र भित्रको फोहोरमैलाको दिगो व्यवस्थापनको लागि फोहोर संकलन, ढुवानी र रुपान्तरण कार्यलाई व्यवस्थित ढङ्गले अगाडि बढाईने छ। फोहोमैला प्रशोधन गर्न मेशिनरी उपकरण खरिद भएको प्रयोगमा ल्याईने छ ।
२. यस चामे गाउँपालिकामा टयाक्टरको प्रयोग गरी ५ वटै वडाहरुमा फोहोरमैला व्यवस्थापन कार्य अगाडी बढाईनेछ ।
३. गाउँपालिकामा फोहोर मैलामा कार्यरत कर्मचारीहरुको स्वास्थ्य विमा गर्न आवश्यक व्यवस्था गरिने छ ।

**संस्थागत विकास तथा सुशासन सम्वन्धी नीति**

१. गाउँपालिका भित्रको कर्मचारी व्यवस्थापन गरी संगठनलाई चुस्त दुरुस्त राख्न गाउँपालिकाको संगठन तथा सर्वेक्षण कार्यक्रम कार्यान्वयन गरिने छ।
२. गाउँपालिकाको दिवसको अवसरमा उत्कृष्ट कार्य गर्ने कर्मचारीहरुलाई पुरस्कृत गरिने छ ।
३. वडा कार्यलय, सामुदायिक विद्यालय तथा विकासका आयोजनाहरुमा सूचनाको हक कार्यान्वयन गरिने छ ।
४. दुर्गम क्षेत्र अन्तर्गत रहेको यस पालिकामा कार्यरत कर्मचारीहरु लाई टिकाई राख्नको लागि कर्मचारी प्रोत्साहान निती लिईने छ ।

**राजश्व तथा वित्त व्यवस्था सम्बन्धी नीति**

१. करदाताहरुलाई कर प्रणालीमा स्वेच्छिक रुपमा सहभागी गराउन समग्र राजश्व प्रणालीलाई करदातामैत्री बनाइनेछ ।
२. गाउँपालिकाको आन्तरीक राजश्व वृद्धी गरी ऐनले तोकेको शर्तहरुमा रहि करको दायरा फराकिलो बनाइनेछ ।

**कानुन तथा मानवअधिकार सम्बन्धी नीति**

१. सुचना प्रविधिको प्रयोग गरी न्याय सम्पादनको कार्यलाई सरल, सहज र पहुँचयोग्य बनाइनेछ।
२. आप्रवासी कामदार तथा तिनिहरुको परिवारको अधिकारको सुनिश्चित गर्ने नीति लिईने छ ।
३. गाउँपालिकाबाट जारी गरिएका स्थानीय कानुनहरुको आवश्यकता अनुसार संसोधन, परिमार्जन तथा एकीकरण गरिनेछ ।
४. गाउँपालिकाको नीति, योजना तथा कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक ऐन, कानुन, कार्यविधि, निर्देशिका तर्जुमा गरी जारी गरिनेछ।
५. मनोविज्ञान र मनोसामाजिक परामर्श कार्यक्रम सचालन गरिनेछ ।

६. चामे गाउँपालिकाको ५ वटै वडाहरुमा मेलमिलाप कर्ताहरुलाई तालिम दिई सकेको छ, मेलमिलाप कर्ताहरुलाई कानुनि रुपमा दर्ता प्रक्रिया अगाडी बडाइनेछ ।

## कृषि तथा पशुपालन सम्बन्धी नीति

१. उन्नत तरकारीको विउ, प्राङ्गरिक मल, लोकल स्याउका विरुवा, निलोतुथो तथा चुना, विषादी तथा भिटामिन वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ।
२. गाउँपालिका स्तरमा पकेट विकास कार्यक्रम अन्तर्गत आलु पकेट लाई प्रबर्द्धन गरि प्रयोगमा ल्याइने छ ।
३. कृषि पेशामा आकर्षित गर्नको लागि कृषकलाई यान्त्रिकरण र विशेष प्रोत्साहन गरिनेछ ।
४. स्थानीय समुदायहरूलाई कृषक समुह/फर्म/सहकारि गठन गर्न प्रोत्साहित गरिनेछ ।
५. स्थानीयस्तरमा उत्पादन गरिने खाद्यवस्तुहरूको बजारीकरण गर्न प्रोत्साहन तथा कार्यक्रम सञ्चालन ल्याइने छ।
६. सार्वजनिक स्थलमा रहेका छाडा कुकुरहरुको बन्ध्याकरण गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ।
७. याक चौरी प्रवर्धन कार्यक्रम सञ्चालन ल्याइने छ।

## सामाजिक विकाससँग सम्बन्धि नीति

१. जेष्ठ जागरिक, दलित,अपाङ्ग तथा बालबालिकालाई सम्मान तथा सामाग्रि वितरण कार्यक्रम गरिने छ।
२. महिलाहरुलाई सीपमुलक तालिम दिई आयआर्जनका क्रियाकलापमा सहभागी गराईनेछ।

३. गाउँपालिका द्वारा विभिन्न दिवसहरुलाई कार्यक्रमको रुपमा सञ्चालन गरि मनाइने छ ।
४. गाउँपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवामा सूचना तथा सञ्चार प्रविधिको उपयोग गरि विद्युत्तीय सुशासनमा प्रबर्द्धन गरिने छ ।

**खेलकुद सम्बन्धी नीति**

१. गाउँपालिका स्तरीय खेलकुद कार्यक्रमको विकासको लागि खेलकुद क्लबहरूसँगको सहकार्यमा खेलकुद प्रतियोगीताहरू आयोजना गरिनेछ।
२. चामे गाउँपालिकाका युवाहरुलाई विभिन्न क्षेत्रका राष्ट्रिय कलाकार तथा राष्ट्रिय खेलाडी विच खेलकुद कार्यक्रम संचालन गरिने छ ।

**खानेपानी सम्बन्धी नीति**

१. चामे बजारक्षेत्रको खानेपानी आपुर्तीलाई व्यवस्थापन गरी पुर्ण रुपमा संचालन गरिनेछ ।
२. चामे गाउँपालिकाको थानचोकमा वृहत खानेपानी आयोजना संचालन गरी खानेपानी सरल र सहज रुपमा घरहरुमा पुर्‍याइने छ ।

**विपद व्यवस्थापन सम्बन्धी नीति**

१. चामे गाउँपालिकाको विपद जोखीम न्युनीकरण तथा व्यवस्थापनको लागि आवश्यक सामाग्री खरिद गरी राखिने छ ।
२. विपद व्यवस्थापनका लागि नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी वल वाट समुदाय तथा विद्यालयस्तरमा विपद सचेतना, उद्दारको अभ्यास कार्य सम्बन्धी अभिमुखीकरण गराईने छ ।
३. विपद पुर्वतयारी तथा प्रतिकार्य योजना,२०८० लाई क्रमशः कार्यान्वयन गरिनेछ ।
४. चामे गाउँपालिकाको विपद जोखीम न्युनीकरण तथा व्यवस्थापन ऐन तर्जुमा गरी जारी गरिनेछ ।

५. प्रकोप व्यवस्थापकोष खडा गरि रकम जम्मा गरिएको छ ।

**सुचना प्रविधि सम्बन्धी नीति**

१. प्रविधिमा आधारित शासन प्रणालीको अवलम्बन र अभ्यास कार्यलाई अगाडि बढाइनेछ ।
२. गाउँपालिकाबाट प्रवाह हुने सार्वजानिक सेवामा सुचना तथा संचार प्रविधिको उपयोग गरी विद्युत्तीय सुशासन प्रवर्धन गरिने छ ।
३. गाउँपालिकाबाट सञ्चालन गरिने विकास निर्माण सम्बन्धी कार्यमा सर्वसाधरणको पहुँच वृद्धि गर्न आयोजना स्थलमा सुचना पार्टीको व्यवस्था गरिनेछ ।
४. योजना व्यवस्थापन तथा सूचना प्रणाली लागु गरी योजनाका सम्पुर्ण कार्य अनलाईन बाट गरिने छ।
५. पालिका तथा वडा स्तरमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिने छ ।

**सीप विकास तथा उद्यमशिलता प्रवर्धन सम्वन्धी नीति**

१. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) अन्तर्गत नयाँ उद्यमी सिर्जनातर्फ ४० जना र पुरानो उद्यमी स्तरोन्नतीतर्फ २० जनालाई क्षमता अभिबृद्धि तालिम प्रदान गरिने छ।
२. सीप सिक्न ईच्छुक स्थानीय वासीहरुलाई स्वरोजगार मुखी (सिलाईवुनाई, बेकरी, हाउस किपिंङ, व्युटिसियन आदि) कार्यक्रम संचालन गरिनेछ ।

**अन्त्यमा,**

चामे गाउँपालिकालाई जन अपेक्षा अनुरुप विकासका चाहना पुरा गर्ने, स्थानीय सरकार र स्थानीयवासी बीचको सुमधुर सम्बन्ध कायम गर्ने, प्रविधिको उच्चतम प्रयोग गरी चामे गाउँपालिकालाई समृद्ध पालिका बनाउने हाम्रो दृढ सङ्कल्प अविचलित छ। चामे गाउँपालिकाभित्र अथाह सम्भावना बोकेको कृषि, पर्यटन तथा जलाधारको अधिकतम सदुपयोग गर्न गाउँपालिकाको नेतृत्व प्रतिवद्व रहनेछ । साथै चामे गाउँपालिकाले प्रस्तुत गरेको नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउन नेपाल

सरकार, प्रदेश सरकार, निजी क्षेत्र, गाउँपालिका कर्मचारी, जनप्रतिनिधि, राजनैतिक दलहरु र सम्पुर्ण चामेबासी दाजुभाई तथा दिदीबहिनीहरुमा हृदयदेखि धन्यवाद दिन चाहन्छु। यसै गरी यस नीति तथा कार्यक्रमको कार्यान्वयन गर्न सबैको साथ, सहयोग र विश्वास प्राप्त हुने अपेक्षा गर्दै यो सम्बोधन यही अन्त गर्दछु। धन्यवाद।